# शिवालय गाउँपालिका
## सिमा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

प.सं.: ०७६।७७
च.नं.:

मिति: २०७७/१/१७

## प्रेस विज्ञप्ति

शिवालय गाउँपालिका, जाजरकोटसँग सम्बन्धित सत्कार डट कम अनलाइन खबरबाट निकै आकर्षक ढंगमा लेखिएको **"भ्रष्टाचारको ढाकछोप गर्न उपाध्यक्षलाई धम्की"** शिर्षकको समाचार पढ्दा आश्चर्यचकित भई सो को खण्डन सहित यो विज्ञप्ति प्रकाशन गरिएको छ । समाचार प्रकाशक संस्थालाई धन्यवाद दिन चाहन्छौं । साथै यस्ता प्रकारका समाचार प्रकाशन गर्दा आरोपित व्यक्तिको प्रतिक्रिया समेत लिई यथेष्ट प्रमाणका आधारमा प्रकाशन गर्न सुझाव समेत दिन चाहन्छौं । प्रमाण र आधार विना प्रकाशन गरिएका समाचारले समाजमा द्वन्द्व सिर्जना गर्नुका साथै राष्ट्रसेवामा समर्पितहरुको मर्यादामा खलल पुग्ने र मनोबल समेत गिर्ने देखिन्छ । यस कार्यालयप्रति यसै गाउँपालिकाका उपाध्यक्ष श्री कुमारी थापाले लगाउनु भएको निराधार आरोपको देहायका प्रकरणमा रही खण्डन प्रस्तुत गर्न चाहन्छौं ।

१. सर्वप्रथम त यो समयमा जनता, जनप्रतिनिधि, कर्मचारी, समाजसेवी सवै मिलेर कोरोना संक्रमणको रोकथाम र नियन्त्रणका लागि लाग्नुपर्ने हो । हामी यतिखेर कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका सम्बन्धमा नेपाल सरकारको निर्देशन बमोजिम अहोरात्र खटिरहेका छौं । लकडाउन शुरुभएदेखि न त विकास आयोजनाको काम भएको छ न त कर्मचारी भर्नाको काम नै । तसर्थ यो समय विकास आयोजनाको भुक्तानीको प्रक्रिया पुगे नपुगेको, कर्मचारी भर्ना प्रक्रिया पुगे नपुगेको विषयमा छलफल गर्ने समय हो जस्तो लाग्दैन । न यो समय उहाँका अधिकारका विषयमा छलफल गर्ने नै हो । यस्तो बाजा बजाउने उपयुक्त समय होइन भन्ने हाम्रो निष्कर्ष छ ।

२. विकास आयोजनाको भुक्तानीमा अनुगमन समितिको सिफारिस विनानै भुक्तानी दिएको भन्ने सम्बन्धमा हामीले सवै जसो अयोजनाको भुक्तानी अनुगमन समितिको सिफारिसकै आधारमा दिएका छौं । कुनै आयोजनामा पटक पटक अनुरोध गर्दा पनि अनुगमन नगरिदिने, सिफारिस नदिदा सेवाग्राहीले दुख पाउने अवस्था देखिएमा त्यस्तो अवस्थामा सो कुरा समेत दर्शाइ भुक्तानी दिने गरिएको छ । हुन त आयोजनाहरूको रकम भुक्तानी गर्दा कानुनीरूपमा उपाध्यक्षको सिफारिस चाहिने अनिवार्य व्यवस्था कहि कतै छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (४ख) मा उपाध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन कार्यपालिका/गाउँसभाको बैठकमा पेश गर्नुपर्ने व्यबस्था रहेको छ । नेपाल सरकारले लागु गरेको लकडाउनका कारण चालु आ.व. २०७६/७७ का आयोजनाहरूको भुक्तानी प्रक्रिया नै अवरूद्ध रहेको छ । २०७६ पौष यता कुनै पनि अयोजनाको भुक्तानी गरिएको छैन । यसो हुँदा अहिले वैशाख आधा महिना

Website: www.shibalayamun.gov.np Email: shibalayamun@gmail.com
Contact: 9758007587/88, 9758002378, 9851132082, 9858050808,

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# शिवालय गाउँपालिका
## सिमा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

शिवालय गाउँपालिका सिमा,जाजरकोट कर्णाली प्रदेश,नेपाल

प.सं.: ०७६।७७

च.नं.:

मिति: २०७७/१/१७

वितिसक्दा र विश्व कोरोना भाइरसको त्रासदीबाट गुज्रीरहेको परिप्रेक्ष्यमा यो विषयवस्तु उठानको औचित्यता के हो भन्ने विश्लेषण गरिदिनुहुन शिक्षक, कर्मचारी, राजनीतिज्ञ, बुद्धिजीवी तथा आम जनसमुदायमा अनुरोध गर्दछौं ।

३. जहाँसम्म कर्मचारी भर्नाको विषय छ, शिवालय गाउँपालिकामा रिक्त रहने प्राविधिकतर्फका दरवन्दीमा कर्मचारी पदपुर्ति गर्दा गाउँसभाद्वारा पारित कार्यविधिका आधारमा गर्ने गरिएको छ । हरेक पटकको कर्मचारी भर्नामा आफ्नो मान्छेको नाम सिफारिस गर्ने आफुले भनेको मान्छे छनौट नहुँदा नातावाद र कृपावादको आरोप लगाउनु गलत संस्कार हो । यस्ता कार्यको घोर विरोध गर्दछौं ।

४. कार्यालयमा भएका सार्वजनिक खरिद सम्वन्धी कार्यका सम्वन्धमा भए गरेका हरेक कामकारवाहीहरु प्रचलित कानुनको अधिनमा रही गरिएका छन । त्यस्ता कामकारवाहीमा केही कुनै अनियमितता भई सरकारी रकमको हिनामिना भएको शंका भएमा त्यस्तो जानकारी चाहने व्यक्तिले सुचनाको हकसम्वन्धी ऐन २०६४ दफा ७ को अधिनमा रही त्यस्तो सुचना प्राप्त गर्नुपर्ने कारण समेत खुलाई निवेदन पेश दिएमा आवश्यक सम्पूर्ण कागजात उपलब्ध गराइने प्रतिवद्धता जाहेर गर्दछौं ।

यसर्थ मिडियामा प्रकाशन भएको उक्त समाचारमा कुनै सत्यता नरहेको जिकिर गर्दै त्यसरी प्रकाशित विषयवस्तुमा विश्वस्त भई शंका उपशंका नगरिदिनुहुन आम जनसमुदायहरुमा अनुरोध गर्दछौं । हामीले जाने बुझेसम्म यस गाउँपालिकाका कामकारवाहीहरु नीति, विधि र प्रचलित कानुनको अधिनमा रही आर्थिक अनुशासन र पारदर्शिता कायम गर्ने गरी सम्पादन गरेका छौं । साथै समाचारमा प्रकाशित विषयवस्तुमा जानकारी, अनुसन्धान गर्न आवश्यक देखिएमा अधिकार प्राप्त निकायलाई अनुसन्धानका लागि आह्वान समेत गर्दछौं । सार्वजनिक सेवा प्रवाह चुस्त, दुरुस्त, प्रभावकारी बनाउने विषयमा जस्तोसुकै अवस्था आएमा पनि सहन तयार छौं । कार्यालयको कामप्रति कुनै किसिमको गुनासो, जिज्ञासा, चासो भएमा त्यसलाई तत्काल सम्वोधन गर्न हरदम समर्पित छौं ।

(धनीराम शर्मा)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

(नरेन्द्र कुमार शाही)
अध्यक्ष

Website: www.shibalayamun.gov.np Email: shibalayamun@gmail.com
Contact: 9758007587/88, 9758002378, 9851132082, 9858050808.

Scanned with CamScanner